प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २९९ ॥ २०८२ पुष १६ गते बुधवार (31st Dec 2025 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

### समानुपातिकमा झापाली उम्मेदवार

# पुराना दलले चिने,नयाँले चिनेनन्

झापा, पुष १५ । आगामी निर्वाचनका लागि मुख्य राजनीतिक दलहरुले बुझाएको समानुपातिक उम्मेद्वारको बन्दसूचीप्रति समग्र झापालीहरु सन्तुष्ट देखिएका छैनन् । किनकि समानुपातिक प्रणालीको दुरुपयोग गरी दलहरुले मनोमानी हिसावले निर्वाचन आयोगमा बन्दसूची बुझाएका हुन् । पुराना दलहरु नेपाली कांग्रेस , नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीले झापाबाट केही उम्मेद्वारहरु समेटेपनि नयाँ दलहरु राष्ट्रिय स्वतन्त्र पार्टी र नेपाली कम्युनिष्ट पार्टीले झापा र झापालीलाई बिर्सेका छन् । ती दुई दलले झापाका कुनै पनि उम्मेद्वारलाई बन्दसूचीमा समेटेनन् । जसका कारण असन्तुष्टि देखिएको छ ।

**रास्वपामा झापाका शून्य उम्मेद्वार**

राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेद्वारको सूचीमा झापाबाट कोही पनि परेनन् ।

समानुपातिक उम्मेद्वार बन्नका लागि झापाबाट १४ जनाले उम्मेद्वारी दर्ता गरेका थिए । भोटिङमार्फत गरिएको उम्मेद्वार छनोट प्रतिष्पर्धामा झापाका कोही पनि सफल हुन नसकेका हुन् ।

झापाबाट विवेक तामाङ , शरद जोशी , शान्तिमाया न्यौपाने , सीता विश्वकर्मा , मनोज राजवंशी , भुपाल भण्डारी , भीम लम्जेल , रोहित न्यौपाने , गीताप्रसाद अधिकारी , लोकेशकुमार माझी , कुन्दन मुर्मु , अनिता नेपाली , नारायणप्रसाद दाहाल र विन्दु सिटौलाले दर्ता गराएका थिए ।त्यसमध्ये सीता विश्वकर्मा र विन्दु सिटौला ११० अंकसम्म पुगेको बताइएको छ । रवि लामिछाने , बालेन शाह र कुलमान घिसिङबीच समानुपातिक सिट बाँडफाँट हुँदा झापाका आकांक्षीलाई समेट्न नसकिएको रास्वपाका झापाका कार्यबाहक सभापति प्रकाश पाठकले बताए ।

**नेकपाको बन्दसूचीमा कोही पनि परेनन्**

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाली कम्युनिष्ट पार्टीले निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको बन्दसूचीमा झापाबाट कोही पनि परेका छैनन् । जसका कारण जिल्लाका नेता कार्यकर्ताहरुमा चर्को असन्तुष्टि बढेको छ ।

नेकपाको समानुपातिक उम्मेद्वारको लागि झापाबाट ३६ जनाको नाम सिफारिस गरिएको थियो । त्यसमध्ये कोही पनि नपरेको नेकपाका जिल्ला इन्चार्ज रंजित तामाङले बताए । उनले समानुपातिकको बन्दसूची सच्याउन केन्द्रीय कमिटीलाई आग्रह गरिसकेको बताए । ' सात दिनसम्म बन्दसूची सच्याउन पाइन्छ' उनले भने , 'कुन क्लस्टरबाट मिलाउन सकिन्छ हामीले झापाका कम्तीमा दुईजनालाई समेट्न आग्रह गरेका छौं ।'

**एमालेको समानुपातिक सूचीमा झापाका ९ जना**



आगामी प्रतिनिधिसभा निर्वाचनका लागि नेकपा एमालेले निर्वाचन आयोगमा बुझाएको समानुपातिक सूचीमा झापाका ९ जना परेका छन् ।

एमालेको समानुपातिक सूचीमा धेरै नयाँ अनुहार परेका छन् भने केही दोहोरिएका छन् । पार्टी अध्यक्ष केपी ओलीको गृहजिल्ला झापाबाट मेनुका काफ्ले , अनिता कन्दङ्वा , निता घतानी , निर्मला पाठक , विद्यानन्द राजवंशी , सोम पोर्तेल , विनाकुमारी शाह , लता प्रसाई र जितु गौतम समानुपातिक उम्मेद्वारको सूचीमा परेका हुन् ।

एमालेले विगतका आम निर्वाचनमा समानुपातिकमा अवसर पाएकालाई अपवादबाहेक नदोहोऱ्याउने नीति लिएको थियो । तर यस पटक पनि वरिष्ठ नेता र पहिले अवसर पाइसकेकालाई समानुपातिकमा दोहोऱ्याएको हो । जिल्ला र प्रदेशबाट उम्मेदवार सिफारिस गर्दा यसअघि समानुपातिकमा रहेका व्यक्तिलाई सिफारिस नगर्न पार्टीले निर्देश गरे पनि त्यसलाई बेवास्ता गर्दै अध्यक्ष केपी शर्मा ओलीले अन्तिम सूची बनाएका छन् ।

**समानुपातिकको बन्दसूचीमा कांग्रेसका पाँचैजना महिला**

आगामी निर्वाचनका लागि समानुपातिकतर्फ झापाबाट ४४ जनाको नाम सिफारिस गरिएपनि बन्दसूचीमा पाँचजना मात्र पर्न सफल भएका छन् ।

झापाबाट सुशीला ढकाल , गोमा भट्टराई ,उमा शिवाकोटी , मनुमाया विश्वकर्मा र राधा कार्कीको नाम मात्र बन्दसूचीमा समेटिएको पार्टी स्रोतले जनाएको छ । समानुपातिक उम्मेद्वार छानिने सबै महिला हुन् । चारजना खस आर्य र एकजना दलित समुदायबाट परेका छन् ।

समानुपातिकका लागि झापाबाट ४४ जनाको नाम सिफारिस गरिएको थियो । क्षेत्र नं १ बाट ६ , २ बाट १० , ३ बाट १० , ४ बाट ५ र ५ बाट १३ जनाको नाम सिफारिस गरिएको थियो ।

**राप्रपाबाट को को हुने भए समानुपातिक उम्मेद्वार ?**

आगामी निर्वाचनका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीले निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेद्वारको बन्दसूचीमा झापाका ६ जना अटाएका छन् ।

राप्रपाले आयोगमा ११० जनाको नाम बुझाएको हो । त्यसमा झापाबाट धर्मराज माझी , खुश्बु ओली , भरिपूर्ण राई , संगीता रौनियार , रुपदल विश्वकर्मा र सूर्यनारायण गणेश परेका छन् । माझी तीन दिनअघि बिर्तामोडमा आयोजित राप्रपाको जागरण सभामा पार्टी प्रवेश गरेका थिए । उनलाई समानुपातिक उम्मेद्वार बनाउने भनेर पार्टी प्रवेश गराएको बुझिएको छ । पार्टीको जिल्ला समितिले धर्मराज माझीलाई पिछडा वर्ग र सूर्यनारायण गणेशलाई आदिवासी जनजाति क्लस्टरबाट सिफारिस गरेको थियो । तर केन्द्रीय समितिले माझीलाई आदिवासी जनजाति र गणेशलाई मधेसी क्लस्टरको भन्दै समानुपातिकको बन्दसूचीमा नाम बुझाएको छ । सरकारले माझी जातिलाई पिछडा वर्ग र गणेश(गन्गाई) लाई आदिवासी जनजातिमा राखेको छ ।

जिल्ला समितिले झापाबाट यसरी क्लस्टर छुट्याएर सिफारिस गरेको थियो - क्षेत्र नं १ बाट समानुपातिकतर्फ दिपेश राई (आदिबासी जनजाति), सुमित्रा ओझा अधिकारी (महिला), बाबुराम पराजुली (खस आर्य),लक्ष्मण खत्री (खस आर्य),त्यस्तै क्षेत्र नं २ बाट रुपदल बिश्वकर्मा (दलित), धर्मराज माझी (पिछडिएको वर्ग),कुमार भट्टराई (खसआर्य), हर्कराज थुङ्ङ्गम (जनजाति), आमिर खान पठान (मुस्लिम),धर्मराज राजवंशी (आदिबासी) , बिष्णुप्रसाद गिरी (दशनामी) ,करिना बेगम (मुस्लिम महिला) ,देवराज परियार (उत्पीडित),गोपाल गुरुङ (जनजाति) ,प्रल्हाद खड्का (खसआर्य) ,लवकुश गिरी (खसआर्य) ,क्षेत्र नं ३ बाट सिता लम्साल (महिला), भारतेन्दु मल्लिक (पिछडिएको बर्ग), रामकुमार सिंह राजवंशी (आदिबासी),सूर्यनारायण गणेश (आदिबासी), ऋषि नेपाल (खसआर्य), सन्तोषी बिश्वकर्मा (दलित) र नन्दराम गजमेर (दलित) ,क्षेत्र नं ४ बाट खुश्बु ओली (महिला),खेमराज कार्की (खसआर्य), चित्रा श्रेष्ठ (आदिबासी जनजाति), तारामाया राई (आदिबासी जनजाति) तथा क्षेत्र नं ५ बाट डा.सूर्यनारायण साह (मधेसी), भरिपूर्ण राई (आदिबासी जनजाति),शुष्मा निरौला के.सी. (महिला) र विजयप्रसाद बराल (खसआर्य) ।

# अत्यधिक जाडोका कारण झापाका विद्यालय बन्द



झापा, पुष १५ । केही दिनदेखि शितलहरका कारण अत्यधिक चिसो बढेपछि झापाका चारवटा पालिकाले विद्यालय बन्द गरेका छन् । बिर्तामोड नगरपालिका , मेचीनगर नगरपालिका , बाह्रदशी गाउँपालिका र झापा गाउँपालिकाले बुधवारदेखि तीन दिनसम्म विद्यार्थीहरुलाई जाडोको विदा दिएका हुन् । अत्यधिक जाडो बढेकोले बुधवारदेखि पुष १८ गते शुक्रबारसम्म हिउँदे/बर्षे विदाबाट कट्टा हुनेगरी विद्यालयका अन्य कार्यक्रम बाहेक नियमित पठन-पाठन बन्द गरिएको ती पालिकाहरुले जनाएका छन् । जिल्लाका अन्य पालिकाहरुले पनि मौसम हेरेर जाडोको विदा दिने विषयमा बुधवार निर्णय गर्ने भएका छन् । मंगलवार सार्वजनिक विदा भएकाले जाडो विदाका बारेमा निर्णय गर्न नसकिएको कचनकवल गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईले बताए । उनले बुधवार निर्णय गरेर जाडोको विदा दिइने जानकारी दिएका छन् ।

# ओखलढुङ्गामा मगर दम्पतीको वीभत्स हत्या

झापा, पुष १५ । ओखलढुङ्गाको चिशङ्खुगढी गाउँपालिका-६ भदौरेमा मगर दम्पतीको वीभत्स हत्या भएको छ ।

स्थानीयका अनुसार अन्दाजी ६० वर्षका शोभितमान थापा मगर र उनकी श्रीमती रत्नमाया थापा मगरको सोमवार राति हत्या भएको हो । बिहान अबेरसम्म घरबाट ननिस्किएपछि छिमेकीले बोलाउँदा प्रतिक्रिया नआएपछि घरभित्र प्रवेश गर्दा दुवै जनाको शव फेला परेको थियो ।

घटनाबारे जानकारी पाएलगत्तै जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाबाट प्रहरी निरीक्षक विक्रमबहादुर भट्टराईको नेतृत्वमा टोली घटनास्थल पुगेको छ । प्रारम्भिक अनुसन्धानबाट दम्पतीको धारिलो हतियार प्रहार गरी हत्या गरिएको हुनसक्ने आशङ्का गरिएको छ ।

घटनास्थल र शवको अवस्था विश्लेषण गरी थप अनुसन्धान गर्न कोशी प्रदेश प्रहरी कार्यालयको केनाइन शाखा धरानबाट तालिमप्राप्त कुकुर मगाइएको प्रहरी निरीक्षक भट्टराईले जानकारी दिए । हत्या कसले र किन गर्यो भन्ने विषयमा अनुसन्धान जारी रहेको र दोषी पहिचानका लागि सबै सम्भावित कोणबाट छानबिन भइरहेको प्रहरीले जनाएको छ ।

# समानुपातिक बन्दसूचीमा व्यापारी र नेताकै परिवारको हालीमुहाली

झापा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको बन्दसूचीमा व्यावसायिक घराना, सेलिब्रेटी तथा स्थापित प्रभावशाली अनुहारहरूको वर्चस्व देखिएको छ।११० जनाको सूचीमा उद्योग-व्यवसायदेखि मनोरञ्जन क्षेत्रका चर्चित नामहरूको बाक्लो उपस्थिति छ।

सूचीमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा आईएमई समूहका अध्यक्ष चन्द्र ढकालका छोरा सचिन ढकाललाई समेटिएको छ। त्यस्तै, गोल्डस्टार ब्रान्डका जुत्ता-चप्पल उत्पादन गर्ने किरण सुज म्यानुफ्याक्चर्सकी कार्यकारी निर्देशक विदुषी राणा खस-आर्य महिला क्लस्टरबाट बन्दसूचीमा परेकी छन्।
मनोरञ्जन क्षेत्रका अनुहारहरूको उपस्थिति अझ उल्लेख्य देखिन्छ। सन् २०१९ की मिस नेपाल अनुष्का श्रेष्ठ आदिवासी महिला समूहबाट सूचीको चौथो स्थानमा छन्। गायक, अभिनेता तथा टेलिभिजन होस्ट आसिफ शाह मुस्लिम पुरुष क्लस्टरबाट पहिलो स्थानमा सिफारिस भएका छन्। मुस्लिम महिलातर्फ मानव अधिकारकर्मी मोहना अन्सारी सूचीमा परेकी छन्। चर्चित गायिका सत्यकला राई र त्रिशला गुरुङले पनि समानुपातिकतर्फ स्थान बनाएका छन्।

दलित समुदायको प्रतिनिधित्वका लागि बनाइएको क्लस्टरमा पनि स्थापित तथा चर्चित अनुहारहरूको दबदबा देखिन्छ। रास्वपाले बुझाएको १५ जना दलित उम्मेदवारमध्ये पहिलो नम्बरमा सिफारिस भएका रूपक विश्वकर्मा घिमिरे छाला रोग तथा कपाल प्रत्यारोपण विशेषज्ञ चिकित्सक हुन्। दोस्रो स्थानमा चर्चित कलाकार प्रकाश सपुत छन्।

सूचीको तेस्रो नम्बरमा पूर्व विवेकशील साझा पार्टीका उपाध्यक्ष प्रकाशचन्द्र परियार, चौथोमा सामाजिक मुद्दामा सक्रिय चिकित्सक रामजी राम छन्। त्यसपछि क्रमशः साजन विक, किशोर गन्धर्व र इन्जिनियर अरविन्दकुमार राम सूचीमा परेका छन्। दलित महिलातर्फ पहिलो स्थानमा टेलिभिजन कार्यक्रम होस्ट, मोडल तथा अभिनेत्री रीमा विश्वकर्मा सिफारिस भएकी छन्।

त्यस्तै नेपाली कांग्रेसले निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको सूचीमा पञ्चायतकालदेखि बारम्बार मन्त्री र सांसद भइसकेका अर्जुननरसिंह केसीदेखि राष्ट्रपति रामचन्द्र पौडेलकी छोरी संज्ञा पोखरेल पौडेलसम्मको नाम समेटिएको छ।
कांग्रेसले बुझाएको समानुपातिक सूचीमा पूर्वमन्त्री

❖ बाँकी पृष्ठ ४ मा

# पूर्वी नाकामा अबैध रकमसहित भारतीय नागरिक पक्राउ

झापा, पुष १५ । पूर्वी नाका काँकडभिट्टामा अबैध रकमसहित एकजना भारतीय नागरिक पक्राउ परेका छन् । मंगलवार दिउँसो १ बजे मेची भन्सार कार्यालयको यात्रु शाखामा भन्सार कार्यालय र सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म हे.क्वा. काँकडभिट्टाबाट खटिएको संयुक्त टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्री भारत अरुणाञ्चल प्रदेश तवाङ्ग जिल्ला खासा पञ्चायत बस्ने ६२ वर्षीय लोम्साङ्ग फल्चोकलाई अवैध रकमसहित पक्राउ गरेको हो । उनले बोकेको झोला चेकजाँच गर्दा झोलामा लुकाइ छिपाइ ल्याएको भारतीय रुपैयाँ १०० दरको ३८०० वटा, २०० दरको १ हजार वटा र ५०० दरको सय वटा गरी जम्मा भारतीय रु. ६ लाख ३० हजार बरामद भएको थियो ।

उक्त रकमको स्रोत नखुलेका कारण आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा लिइएको मेची भन्सार कार्यालय काँकरभिट्टाका एकजना अधिकृतले बताए ।

उनले नेपालका विभिन्न स्थानमा आर्थिक सहयोग गर्न उक्त रकम लिएर नेपाल आएको, आफूसहित अन्य ३२ जना रहेको र बाँकी साथीहरु काठमाडौं पुगेको र आफूले यो रकम नेपाली बनाएर लिएर जाने प्रारम्भिक बयान दिएका छन् । मुद्धा फायल तयार गरी बरामद रकमसहित उनलाई इलाका प्रहरी कार्यालय काँकडभिट्टाको हिरासतमा पठाइएको छ ।



बुधवार आवश्यक अनुसन्धानका लागि राजस्व अनुसन्धान इटहरी पठाउने तयारी गरिएको ती भन्सार अधिकृतले बताए ।

# मेचीनगरमा क्षयरोगका विरामी बढ्दै

मेचीनगर । झापाको मेचीनगरमा हरेक वर्ष क्षयरोगीको संख्यामा बृद्धि हुदैं आएको छ । आर्थिक वर्ष २०८०/०८१ मा नगरका विभिन्न वडाका दुईसय पाँच जनामा क्षयरोगको किटाणु फेला परेको थियो । त्यसअघि २०७९/०८० मा दुई सय जना क्षयरोगका विरामी भेटिएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । आर्थिक वर्ष २०८१/८२ मा दुई सय १० जना क्षयरोगका विरामी पत्ता लागेको भएपनि ९४ प्रतिशतको स्वास्थ्यमा सुधार भएको । छ जनाको क्षयरोगसहित अन्य घातक रोग लागेका मृत्यु भएको शाखाले जनाएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिनामा ४६ जनामा यो रोग पत्ता लागेको छ । 'हो ! हामी क्षयरोग अन्त्य गछौं' भन्ने मुख्यः नारासहित मेचीनगर नगरपालिकालाई क्षयरोगमुक्त पालिका घोषणा अभियान अन्तर्गत नगरपालिकाभित्रमा क्षयरोगका बिरामीहरुलाई पोषण प्याकेज बितरण गर्न थालिएको भए पनि हरेक वर्ष क्षयरोगका विरामीहरुको संख्या बृद्धि हुनुले मेचीनगर नगरपालिकालाई क्षयरोगमुक्त पालिका घोषणा अभियानमा चुनौती देखिएको छ । आगामी २०८३ सालमा मेचीनगरलाई क्षयरोगमुक्त पालिका घोषणा गर्नु पर्ने छ ।

सरकारले मेचीनगर पालिकालाई क्षयरोगमुक्त पालिका बनाउने योजना बनाएको छ । क्षयरोगमुक्त पालिका बनाउन प्रतिवर्ष प्रति १० लाखमा १ भन्दा कम बिरामीको संख्या भएमा अन्त्य भएको मानिने छ । यस अघिदेखि नै मेचीनगर नगरपालिकालाई क्षयरोगमुक्त नगरपालिका बनाउने अभियान थालिएको छ ।

नगरपालिकाले क्षयरोगका बिरामीहरुलाई चामल २५ केजी (एक बोरा), बदाम, दाल, सातु, एक/ एक केजी, तेल एक लिटर, अण्डा एक क्यारेटसहित यातायात खर्चका रुपमा नगद चारसय रुपैयाँ प्रदान गरिदैं आएको छ । पोषण प्याकेज बितरण कार्यक्रमले खासै विरामीको संख्या कम नभएको टिप्पणी हुन थालेको छ । पोषण सामग्री वितरण गर्ने गरिएको भए पनि नगरमा क्षयरोगका बिरामी बढ्दै जानुले चुनौती थपिएको स्वास्थ्य शाखाले जनाएको छ । क्षयरोगका बिरामीको परीक्षणदेखि उपचारसम्म सरकारले निःशुल्क गर्ने व्यवस्था गरेको छ ।

नगरको स्वास्थ्य शाखाको प्राविधिकहरु टोलीले क्षयरोगी खोजी गरिरहेको बेला भएकाले रोगीको संख्या बढ्ने क्रममा रहेको र भेटिएका रोगीको उपचार समेत गर्ने काम तत्कालै सुरु भइरहेको नगर स्वास्थ्य शाखा प्रमुख सबिता सापकोटाले बताइन् । उनका अनुसार मेचीनगरका क्षयरोगीहरुका लागि छातीको एक्सरे समेत नगरपालिकाले निःशुल्क गर्ने व्यवस्था मिलाएको छ । मेचीनगरमा क्षयरोगमुक्त पालिका घोषणा अभियानअन्तर्गत बार्षिक समीक्षा गोष्ठी सोमबार सम्पन्न भएको छ । बैशाखमा मेचीनगरमा पहिलो पटक क्षयरोग पहिचानका लागि एआई प्रविधिबाट छातीको एक्स–रे परीक्षण शिविर सञ्चालन गरिएको थियो । मेचीनगर-२, ४, ७, १०, १२ र १५ नम्बर वडामा छातीको एक्सरे परीक्षण भएको थियो । समीक्षा गोष्ठीमा जोखिमयुक्त क्षेत्र, त्यसको खोजी कार्य र अति विपन्न विरामीलगायतलाई पोषिलो खानेकुरा वितरणलाई निरन्तरता दिने छलफल भएको भएपनि हालसम्म त्यसमा गरेको लगानी बालुवामा पानी झै भएको छ ।

# क्यान्सर प्रभावितलाई सहयोगका लागि साइक्लिङसम्बन्धी अन्तरक्रिया

बिर्तामोड पुष १५ । झापाको बिर्तामोडमा क्यान्सर प्रभावितलाई सहयोगका लागि साइक्लिङसम्बन्धी अन्तरक्रिया सम्पन्न भएको छ । झापा साइक्लिङ क्लब र पूर्वाञ्चल क्यान्सर हस्पिटलको सहकार्यमा कार्यक्रम भएको हो ।

साइकल कल्चर कम्युनिटीले क्यान्सर सचेतना एवम् क्यान्सर प्रभावित उपचार कोष संकलन कार्यक्रमका लागि मंगलवार अन्तरक्रिया कार्यक्रम भएको हो ।

अंग्रेजी नयाँ वर्ष २०२६ जनवरी १ तारिखदेखि पूर्वको पाँचथर चिवाभञ्ज्याङदेखि पश्चिम बैतडीको झुलाघाटसम्म एक महिना लामो साइकल यात्राअन्तर्गत बिर्तामोडमा कार्यक्रम भएको हो ।

१८०० किलोमिटर मध्यपहाडी लोकमार्ग साइकल यात्रा अभियान सुरुवात गर्ने सिलसिलामा बिर्तामोडमा कार्यक्रम गरिएको हो । यात्रा भेट्रान साइक्लिस्ट तथा क्यान्सर प्रभावित हर्क लामा र कविता चित्राकारसहितको टोली रहनेछ ।

झापा साइक्लिङ क्लबका अध्यक्ष आकाश श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रममा उनले क्लबको औचित्य र झापामा यस कार्यक्रम आयोजना गर्नुको उद्देश्यमाथि प्रकाश पारेका थिए ।

त्यस अवसरमा क्यान्सर विजेताद्वय हर्क लामा र कविता



चित्रकारमाथिको छोटो जीवनी (भिडियो) प्रस्तुत गरिएको थियो । कार्यक्रममा पूर्वाञ्चल क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर डा. वीरेन्द्र यादवले क्यान्सर विजेताद्वय हर्क लामा र कविता चित्रकारलाई सम्मान गर्नुका साथै क्यान्सर र साइक्लिङबीचको सामञ्जस्यताबारे प्रकाश पारेका थिए ।

क्यान्सर विजेता लामाले आफूलाई क्यान्सर पत्ता लागेको बेला, क्यान्सर उपचारका साथै क्यान्सर उपचारपछिको जीवनबारे आफ्नो अनुभव सुनाएका थिए । त्यस्तै, अर्का क्यान्सर विजेता चित्रकारले आफ्नो क्यान्सर अनुभव सुनाउनुको साथै अन्य क्यान्सर प्रभावितहरुको मनोबल उच्च बनाउन यस अभियानमा सहभागिता जनाउन लागेको बताइन् । कार्यक्रममा झापाका क्यान्सर विजेताहरुलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा मध्य पहाडी लोकमार्ग साइक्लिङ अभियानबारे प्राडा तारालाल श्रेष्ठले थप प्रष्ट पारेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड नगरप्रमुख पवित्रादेवी महतारा, झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारी, धुलिखेल अस्पतालका चिकित्सक एवम् साइक्लिङ अभियानका एक प्रमुख राइडर डा. विकास पराजुलीलगायतले क्यान्सर लागेपछिको भोगाइ तथा साइकल संस्कृतिबारे धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन झापा साइक्लिङ क्लबका सचिव हिमाल खरेलले गरेका थिए ।

कार्यक्रममा धुलिखेल अस्पतालका प्राडा सुमनराज ताम्राकार, साइकल कल्चर कम्युनिटीका ज्ञानेन्द्र स्थापित, भद्रपुर नगरपालिकाका निवर्तमान नगरप्रमुख जीवनकुमार श्रेष्ठ, पर्यटन कार्यालय काँकरभिट्टाका अधिकृत निरोज कट्टेल, पर्यटन मञ्च झापाका अध्यक्ष उदयकुमार श्रेष्ठ, बर्खा स्मृति प्रतिष्ठानका अध्यक्ष मदन प्रसाईं, झापा इनर्जीका प्रबन्धक सुवास भट्टराई, क्वालिटी कम्प्युटरका सञ्चालक दिपेश पाठकलगायतको उपस्थिति थियो ।

# नगर प्रहरीलाई विपद् व्यवस्थापनको तालिम दिँदै सशस्त्र प्रहरी

मेचीनगर, पुष १५ । मेचीनगरमा घट्न सक्ने सम्भावित विपद्हरुको समाधान र प्रभावकारी नियन्त्रण गर्नका लागि नगर प्रहरी र जनप्रतिनिधिहरुलाई तयारी गराइएको छ ।

विपद्मा आउन सक्ने हरेक प्रकारका समस्याहरुसँग जुध्न सशस्त्र प्रहरीले मेचीनगरका नगर प्रहरी र जनप्रतिनिधिहरुलाई सैद्धान्तिक र व्यवहारिक ज्ञान दिएर तयारी गराइरहेको हो ।

सशस्त्र प्रहरी बल नेपाल नं २ गण हे.क्वा. झापाले मेचीनगर नगरपालिकाका ६ जना नगर प्रहरी, ९ जना बारुणयन्त्रका प्रहरी तथा कर्मचारी र १५ वटै वडाका एक/एक जना वडा सदस्य गरी ३० जनालाई समुदाय विपद् स्वयंसेवक तालिम दिइरहेको नगर प्रहरीका इन्चार्ज श्याम गिरीले जानकारी दिए ।

नगरपालिकाको सभाहलमा शुक्रबारदेखि सुरु तालिम १८ दिनसम्म सञ्चालन हुनेछ । सशस्त्र प्रहरी बल झापाका डीएसपी एवम् प्रवक्ता रोहित घिमिरेको कमाण्डमा प्रहरी निरीक्षक सुजल भण्डारी र नायव निरीक्षक खेमराज कटुवालले तालिममा सहभागीहरुलाई प्रशिक्षण दिइरहेका छन् ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले सशस्त्र प्रहरीको सहकार्यमा नगरपालिकाले बाढी, पहिरो, डुबान, आगलागी जस्ता विपद्का घटनाहरुको दौरान उद्धार गर्ने तरिका, प्राथमिक उपचार, स्थानीय श्रोत तथा साधनको प्रयोग गरी विपद् प्रतिकार्य गर्ने विधिहरु र विपद्को समयमा आधुनिक उपकरणहरुको प्रयोगका बारेमा तालिम उपलब्ध गराइएको बताए ।

तालिममा घर, भवन, वनमा आगलागी हुँदा डोरीको सहायताबाट जिपलाइन, अपर रिभर्सक्रस,र्‍याप्लिङ्ग, विभिन्न गाँठो तथा नटहरु बनाउने तरिका, वाढी तथा डुबानमा रेस्क्युको दौरान इम्प्रोभिसेड र्‍याफट बोट बनाउने तरिका, घाइते बिरामीलाई अस्पताल लैजान स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीबाट स्ट्रेचर बनाउने तरिका, घाइते विरामीको प्राथमिक उपचार लगायतका बारेमा जानकारी गराइएको थियो ।

विभिन्न खालका विपद्को प्रकोपलाई सहज तरिकाले समाधान गर्न नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीले राष्ट्रियस्तरमा नै स्थानीयसँग जोडिएर नगर प्रहरी, रेडक्रसका प्रतिनिधि, जनप्रतिनिधिहरुलाई समुदायमा तालिमहरु दिने गरेको छ ।

तालिममा सहभागी नगर प्रहरी प्रकाश बानियाँले मेचीनगर विपदको उच्च जोखिममा रहेकाले विपद न्यूनिकरणसँगै विपदपछि हुन सक्ने सम्भावित जोखिममा पर्ने नागरिकहरुको खोज तथा उद्धारका लागि आयोजना गरिएको तालिम महत्वपूर्ण र फलदायी हुने बताए । प्रत्येक दिन विहान नेपाल प्रहरीका भूतपूर्व हवलदार नगर प्रहरी मेदनी शिवाकोटीले पिटीपरेड गराउने गरेका छन् । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा पनि नगर प्रहरीको आग्रहमा नगरपालिकाको केहि भवनहरु जोगिएका थिए ।

सशस्त्र प्रहरी बल नेपाल नं.१ वराह वाहिनीका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरिक्षक (डीआईजी) कुमार न्यौपानेले विपद्जन्य घटनाहरुमा तत्काल प्रथम प्रतिकार्य, खोज तथा उद्धार गर्न समुदायको क्षमतालाई अभिवृद्धि गरी समुदायको सहभागिता सुनिश्चित गर्दै विपद्जन्य घटनावाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्ने उद्देश्य रहेको दावी गरे ।

नगर प्रमुख गोपालचन्द्र बुढाथोकीले यस तालिमबाट प्रशिक्षार्थीहरूलाई प्राप्त हुने सैद्धान्तिक र व्यवहारिक ज्ञानले आगामी दिनहरूमा हुनसक्ने विपद् प्रकोप उद्धारमा महत्वपूर्ण सहयोग हुने बताए ।


## कुक आवश्यकता

भारत सिलिगुडीको एक रेस्टुरेन्टका लागि २ जना कुकको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

**सम्पर्क**

९८५२६४०४०५ (9852640405)


# केन्द्रीय उपाध्यक्षमा उमेश डालमियाको दाबी

हुने अधिवेशनका लागि तयारी सुरु भएको छ ।

अधिवेशनलाई लक्षित गर्दै झापाका उद्योगी व्यवसायी उमेश डालमिया केन्द्रीय उपाध्यक्ष पदको तयारीमा जुटेका छन् ।

हाल महासंघका कार्यकारिणी सदस्य रहेका डालमिया महासंघअन्तर्गत मेला समिति संयोजकको जिम्मेवारीमा छन् ।

उनको उम्मेदवारीलाई समर्थन गर्दै बिर्तामोड उद्योग वाणिज्य संघले केन्द्रीय उपाध्यक्षका लागि सिफारिस गर्ने निर्णय गरेको छ ।

संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा मंगलवार बसेको बैठकले डालमियालाई केन्द्रीय उपाध्यक्षका लागि समर्थनसहित सिफारिस गर्ने निर्णय गरेको हो ।

डालमिया बिर्तामोड उद्योग वाणिज्य संघका २०५६ देखि २०५८ सम्म अध्यक्ष रहिसकेका छन् । उनी झापा उद्योग वाणिज्य संघको अध्यक्षसमेत रहिसकेका अनुभवी उद्योगी व्यवसायी हुन् ।

महासंघको नेतृत्वमा उनको सक्रिय भूमिकाले उद्योगी व्यवसायीको हकहित र संगठन सुदृढीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

आसन्न निर्वाचनमा देशभर रहेका संघमा आवद्ध १२९ संस्थाका अध्यक्षले मतदान गर्न पाउने व्यवस्था रहेको छ ।


## डाक्टर आउने बारे सूचना

आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलव्ध छ ।

**डा. टंकप्रसाद बाराकोटी**

नवजात शिशु तथा वरिष्ठ बाल रोग बिशेषज्ञ

NMC –2356

**प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म**

सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०

शनिश्चरे रोड , बिर्तामोड


### समानुपातिक ...

रोमी गौचन थकाली, भीष्म आङदम्बे र भीमसेनदास प्रधानलगायतका नाम पनि अटाएका छन्।यस्तै, पूर्वमन्त्री बलबहादुर केसीकी श्रीमती रीना उप्रेतीदेखि उनकी बहिनी गोमा केसीसम्मको नाम पनि सूचीमा समावेश गरिएको छ।

समानुपातिक सुची तयार पार्ने क्रममा विवाद भएपछि कांग्रेसले संस्थापन पक्ष र इतरपक्षबीच ६०/४० कोभागबण्डा लगाएको थियो । कांग्रेसले ०६४ सालदेखि समानुपातिक भएर अवसर पाइसकेकालाई यसपटक नदोर्‍याउने मापदण्ड बनाएको थियो । कांग्रेसले बनाएको मापदण्ड अनुसार प्रदेश सभाका सांसद, स्थानीय पालिकाका पदाधिकारी, प्रदेशसभामा समानुपातिक रहेका व्यक्ति समेत सूचीमा रहने छैनन् ।

कांग्रेस महामन्त्री गगन थापाले आफ्ना ससुरा अर्जुननरसिंह केसीलाई समानुपातिक सूचीमा पारेको भनेर सार्वजनिक रुपमा भइरहेको टिकाटिप्पणीको भने खण्डन गरेका छन् । उनले सामाजिक संजाल फेसबुकमा लेखेका छन, 'नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीलाई मेरो प्रयासमा समानुपातिक सूचीमा राखिएको भन्ने हल्ला फैलाइएको रहेछ। म स्पष्ट पार्न चाहन्छु; यो मेरो चाहना विपरित हो। मेरो अनुरोध र हर सम्भव प्रयास विपरितको निर्णय हो।' मेरो र उहाँको आ-आफ्ना राजनीतिक दृष्टिकोण र निर्णयहरु हुन्छन, कहिले मिल्छन्, कहिले बाझिन्छन् । जसरी कुनै बेला हाम्रो राजनीतितक दृष्टिकोण र प्राथमिकता मिलेन र एक अर्कासँग पार्टीको महामन्त्री पदका लागि फरक एजेन्डा र संकल्पसहित चुनाव लड्यौं । यसपटक पनि पार्टीका अग्रज नेताले समानुपातिक प्रणाली रोज्ने वा नरोज्ने विषयमा हाम्रो ममत भिन्नता रह्यो ।'

नेपालको संविधानले समानुपातिक निर्वाचन प्रणालीमार्फत उपेक्षित, उत्पीडित वर्ग, समुदाय, महिला तथा सीमान्तकृत समूहको प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य राखेको छ। तर विगतमा दलहरूले यही व्यवस्थालाई श्रीमती, छोरी तथा नातेदार भर्ती गर्ने माध्यम बनाउँदा प्रणाली आलोचनाको केन्द्रमा पर्दै आएको छ।


## शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

व्याङडाँडा ,झापा

## जनहितमा जारी सूचना

*चिसो मौसममा सुरक्षित रहौं :*

१.तातो तथा न्यानो कपडा लगाऔं,
२.तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
३. घर तथा कोठा न्यानो बनाऔं,
४. बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
५ न्यानो सिरक ओढेर सुत्ने गरौं
६. जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं
७. चिसोमा हिँडडुल (मर्निङ वाक) नगरौं
८. कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

**सावधानी अपनाऔं, स्वस्थ रहौं ।**


# गिरी वाणिज्य संघको सल्लाहकारमा मनोनित

झापा, पुष १५ । झापा गोल्डकपका अध्यक्ष केदार गिरी बिर्तामोड उद्योग वाणिज्य संघको सल्लाहकारमा मनोनित भएका छन्।

संघको मंगलवार बसेको बैठकले गिरीलाई एक कार्यकालका लागि सल्लाहकारमा मनोनयन गरेको हो। बिर्तामोड उद्योग वाणिज्य संघको विधान २०७३ को परिच्छेद ९ अन्तर्गत दफा २९.१ को उपदफा 'क' बमोजिम सल्लाहकारमा मनोनयन गरिएको संघका अध्यक्ष राजु न्यौपानेले जानकारी दिए। विधानअनुसार संघले पाँच सदस्यीय सल्लाहकार समिति गठन गर्न पाउने व्यवस्था छ। सोही प्रावधानअनुसार गिरीलाई सल्लाहकार समितिमा समेटिएको अध्यक्ष न्यौपानेले बताए।

कञ्चन निर्माण सेवाका सञ्चालकसमेत रहेका गिरी झापाका स्थापित व्यवसायी हुन्। उद्योगी व्यवसायीको हकहित तथा संरक्षणका क्षेत्रमा उनको भूमिका प्रभावकारी रहने अपेक्षा गरिएको छ।


## झापा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**टाँघनडुब्बा, झापा**

## शितलहर सम्बन्धी सतर्कता अपनाउने सम्बन्धी सूचना

प्रस्तुत विषयमा हाल देशैभरी बढिरहेको शितलहर तथा चिसोका कारण जनजीवन प्रभावित भइरहेको र झापा गाउँपालिकामा समेत प्रभाव बढिरहेकोले जाडो र चिसोबाट बच्न तपशिल बमोजिमका सावधानी अपनाउन झापा गाउँपालिकाबासीमा हार्दिक अनुरोध गरिन्छ।

१. अत्यावश्यक काम बाहेक बिहान र रातको समयमा बाहिर ननिस्कनुहोस् ।
२. न्यानो लुगा, टोपी, मोजा र कम्बल प्रयोग गर्नुहोस् ।
३. बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरूलाई विशेष ध्यान दिनुहोस् ।
४. चिसो बढ्ने समयमा तातो खाना र तातो पेय पदार्थ सेवन गर्नुहोस् ।
५. खुला ठाउँमा बस्ने, असहाय तथा विपन्न व्यक्तिहरूलाई न्यानो कपडा तथा सुरक्षित आश्रयको व्यवस्था गर्न आवश्यक सहयोग एवम् सहजीकरण गर्नुहोस् ।
६. चिसोका कारण ज्वरो, खोकी, सास फेर्न गाह्रो जस्ता समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
७. आगो बाल्दा वा हिटर प्रयोग गर्दा आगलागी र ग्यास चुहावटप्रति सचेत रहनुहोस् ।

साथै कुनै घटना भए वा थप जानकारीका लागि झापा गाउँपालिका विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वि.ओ.पी कुमरखोद तथा पुरानो शरणामतीमा सम्पर्क राख्न सक्नु हुनेछ ।

**जनार्दन निरौला**

**प्रमुख प्रशासकीय अधिकत**



## समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं ।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं ।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं ।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं ।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं ।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं ।
- परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड



## डेंगी रोगबाट आफू बचौं अरुलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेंगी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान सुरु गरेको हुँदा सबै जना अनिवार्य सहभागी बनौं ।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने, शरीरमा विबिरा आउने, रिंगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जम्मिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरुद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि

बिर्तामोड नगरपालिका

झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# समानुपातिक पद्धतिमा बेइमानी

नेपालको संविधानले समानुपातिक निर्वाचन प्रणालीमार्फत उपेक्षित, उत्पीडित वर्ग, समुदाय, महिला तथा सीमान्तकृत समूहको प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य राखेको छ। तर यस पटक पनि दलहरूले यही व्यवस्थालाई श्रीमती, छोरी तथा नातेदार भर्ती गर्ने माध्यम बनाउँदा समानुपातिक प्रणाली आलोचनाको केन्द्रमा पर्दै आएको छ।

आधुनिक नेपालको निर्माणदेखि नै एउटा निश्चित वर्ग र समुदायले सत्तामा प्रभुत्व जमाउँदै आइरहेको छ, राज्यसत्ताको अविराम दोहन गरिरहेको छ। प्रभुत्वशाली सत्तास्वार्थको रक्षाका लागि यसले आफूअनुकूल आर्थिक–राजनीतिक व्यवस्था निर्माण गर्दै आयो। सोहीअनुरूप शासन प्रणाली, ऐन, कानुन र नियम, धार्मिक–सांस्कृतिक प्रभुत्वको विस्तार गऱ्यो।

यति मात्रै होइन, जनसंख्यामा उल्लेख्य हिस्सा ओगट्ने महिला, आदिवासी जनजाति, दलित, मधेशी र अन्य सीमान्तीकृत समुदायमाथि निरन्तर दमन, अत्याचार, विभेद र बहिष्करणको शृङ्खला चलायो। जुन अझै जारी छ। महिलाको कोटामा आफ्नै परिवारका, आफ्नै जाति समुदायका, दलित, आदिवासी जनजातिको कोटामा हुनेखाने, व्यापारी घरानाकालाई पारेर बेइमानी गरेकै छन्। समानुपातिक प्रणाली भनेको आफ्नालाई माया गर्ने माध्यम बनेको छ।

नेपालका सबैजसो राजनीतिक पार्टी गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्र स्थापना गरिएको गर्व गर्छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा नेपालले गर्व गर्ने विषयका रूपमा यी उपलब्धिको व्यापक चर्चा गर्छन्। यी विगतका राजनीतिक क्रान्ति, जनआन्दोलन र उत्पीडित समुदायका विभिन्न आन्दोलनका राजनीतिक उपलब्धि हुन्।समानुपातिक समावेशीकरण तिनै जनसंघर्षको परिणाम हो। तर, राज्यसत्तामा उत्पीडित समुदायको अर्थपूर्ण प्रतिनिधित्वसहितको समावेशी अभ्यासका सन्दर्भमा राजनीतिक पार्टीहरू इमानदार देखिएका छैनन्। बरु केही ठूला राजनीतिक पार्टीका मुख्य नेतृत्वहरू नै यो प्रणालीकै बदनाम गराउन सक्रिय छन्, जुन उत्पीडित समुदायको आन्दोलनकै अपमान हो भने परम्परागत एकाधिकारवादी शासकीय स्वार्थरक्षाको षड्यन्त्र हो।

अर्कातिर, नेपालमा निश्चित जाति र समुदाय सदासर्वदा राज्यको स्थायी संस्थापन पक्ष बनिरहेको छ। यही जाति वा समुदाय मात्रै सधैंजसो राज्यका मुख्य र कार्यकारी पदमा पुग्छ। जातव्यवस्थाको निरन्तरतास्वरूप राष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभा अध्यक्ष, प्रदेशसभाका मुख्यमन्त्री, प्रदेशका सभामुख सधैं यही समुदायबाट चुनिन्छन्। राजनीतिक नेतृत्व एकलजातीय नेतृत्वमा गर्व गर्छ, समावेशी प्रतिनिधित्वको अभ्यासमा होइन।

अझ विडम्बना त के छ भने, विगतमा समानुपातिक समावेशीकरणका पक्षमा लडेकै राजनीतिक पार्टी र नेता–कार्यकर्ताहरूसमेत यो प्रणालीविरोधी भाष्य निर्माणमा सक्रिय छन्। यसै गरी समाजको एउटा तप्का समावेशी प्रणालीको विपक्षमा दह्रो गरी उभिएको छ। तर, विगतमा उत्पीडित समुदायको मुक्ति, आत्मसम्मान र स्वाभिमानका लागि संघर्ष गरेका राजनीतिक पार्टीहरू यस्तो गलत भाष्य चिर्ने पक्षमा छैनन् किनकि समानुपातिक समावेशीकरणको सबैभन्दा धेरै विरोध गर्ने समुदायले नै यो प्रणालीबाट सबैभन्दा धेरै फाइदा लुटिरहेको छ।






# बालेनको रास्वपा प्रवेशपछिका तरंग



• झलक सुवेदी

पछि लेखिने नेपालको राजनीतिक इतिहासमा १३ पुस, २०८२ (२८ डिसेम्बर, २०२५) को मिति विशेष रूपमा सम्झना हुनेछ। आजैको बिहान भालेको डाँकसँगै नेपाली राजनीतिका शक्तिशाली दुई पात्र (रवि लामिछाने र बालेन्द्र शाह) र दुई वटा पपुलिस्ट समूह (बालेन समूह र राष्ट्रिय स्वतन्त्र पार्टी) का बीच एकता भएको छ। यसले बिहानैदेखि नेपाली राजनीतिक वृत्त तरंगित भएको छ। सम्भ्रान्त राजनीतिक समूहमा हल्लीखल्ली मच्चिएको छ। र, मेरो सम्पर्कमा आएका मतदाता र राजनीतिक व्यक्तिहरूले यो सहमतिलाई नेपाली राजनीतिमा आरेभञ्ज्याङको घुम्ती का रूपमा लिएका छन्।

राजनीतिमा यस्ता एकता र विभाजनका अनेक सन्दर्भहरू आउँछन् र केही समय नबित्दै मानिसको चेतनाबाट ती बर्खे पानीको फोका झैं एकछिन सलल बगेर विलाउँछन्। फोकाको हावा हावामै मिल्छ र पानी सगोत्री पानीमै मिसिएर विलाउँछ।

तर, रवि लामिछाने र बालेन शाहले आज गरेको हस्ताक्षरले नेपाली समाज र राजनीतिका आउने केही वर्ष तीव्र रूपमा प्रभावित हुनेछन्। सफलता असफलता जे भए पनि तिनको कथा इतिहासमा सम्झिइनेछ, अभिलिखित हुनेछ।

यस्तो एकता ८ वर्ष पहिले दशैंको छेको पारेर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष कमरेड प्रचण्डका बीच पनि भएको थियो। त्यो सम्झौताले उत्पादन गरेको सिनर्जीको चलते उनीहरूको गठबन्धनले २०७४ को संसदीय निर्वाचनमा ल्याण्डस्लाइड भिक्ट्री पनि दिलायो।

त्यो तत्कालीन जनमतको माग अनुरूपको निर्णय र परिणाम थियो। तर त्यसलाई उनीहरूले जोगाएर लैजान सकेनन्। अनि त्यसको प्रयोग गरेर जनताका आशा पूरा गर्ने कुनै अर्थपूर्ण काम गर्न पनि। उक्त घटना इतिहासमा अंकित त भयो, तर त्यो देशकै लागि एउटा दुस्वप्न जस्तो बन्न पुग्यो र कुनामा धकेलियो। यसको दुष्परिणाम अहिले ती दल, ती नेता र देशले पनि भोग्नुपरेको छ।

रवि र बालेन बीच भएको एकता उनीहरूले कसरी सम्हाल्ने छन्? के उनीहरू चुनाव जित्ने छन्? के उनीहरूले चुनाव जिते भने देशमा उनीहरूले दाबी गरेको जस्तो सुशासन दिनेछन्? अथवा उनीहरू पनि पुरानै दलहरू (२०४७ सालपछिको कांग्रेस, २०५२ सालपछिको एमाले या २०६५ सालपछिको माओवादी) जस्तै राणाकालदेखिको शासकीय मनोविज्ञानको निरन्तरता बोकेको नोकरशाही संयन्त्र, पुरानो सोचको अदालत, न्याय प्रणाली, नेताको भक्ति र सेवाले सुकेनास लागेको प्रहरी र आसेपासे पोस्ने आर्थिक नीतिहरूको शिकार हुनेछन्? अथवा आफैं शिर निहुऱ्याएर सबै विकृतिको शिकार हुन स्वीकार गर्नेछन् र काठमाडौंको सदावहार सत्तारुढ वर्गको सेवामा खुलेर लाग्नेछन् जसले सबैखाले जण्ड सुधारहरूलाई रोक्दै आएको छ!

अहिले नै यी प्रश्नमा घोत्लिनु सोध्नु भर्खर जन्मेको बच्चालाई अरू कुरा त राम्रै हो यो पनि एकदिन अवश्य मर्छ भने जस्तो हुनजाला।

त्यसैले यहाँ रास्वपा सभापति रवि लामिछाने र काठमाडौं महानगरका मेयर बालेन शाहका बीच भएको सहमतिको अर्थ र सम्भावनाबारे चर्चा गर्नु उपयुक्त हनेछ।

**एकताको अर्थ र सन्देश**

रवि लामिछाने र बालेन सँगै जस्तो राजनीतिमा उदाएका हुन्। दुवैले परम्परागत राजनीतिक दलहरूको धोकाधडी र छलछामबाट पीडित आम मान्छेका निराशालाई आफ्नो राजनीतिक यात्राको मुख्य आधार बनाएका थिए। २०७९ सालको स्थानीय तहको निर्वाचनसम्म बालेन केही ऱ्यापरहरू र ऱ्यापका श्रोताहरू अनि आफ्नो व्यावसायिक सर्कल बाहिर आम वृत्तमा सुनिएको नाम थिएन। तर उनले आफूलाई मतदातासँग जोड्न नयाँ प्रविधिको प्रयोग गरे र युवाहरू मार्फत आफूलाई स्थापित गरे। मतदाताको एउटा मौन विद्रोहसँगै उनले महानगरको मेयर पद हासिल गरे।

उनले त्यति मात्रैले विश्वास जितेका होइनन् है! उनीसँग महानगरको मेयर बन्न जाँदा के के गर्नुपर्छ भन्ने केही धारणा र प्रस्तावहरू पनि थिए। अन्तरमुखी र कतिपय निजी स्वभावहरूले उनलाई सार्वजनिक रूपमा चर्का भाषण र जुलुसतिर भन्दा घरदैलो र सामाजिक सञ्जालहरूको प्रयोगतिर तानेको देखिन्छ।

जे होस्, काठमाडौंका मतदाताले उनका कुराहरू मन पराए (केशव स्थापित र सिर्जना सिंहका तुलनामा भनौं या एमाले र कांग्रेसको तुलनामा पनि भन्न सकिन्छ)। उनले मेयर पदमा धेरैले जिब्रो निकाल्ने गरी जिते। यसरी यो जितले जिब्रो निकाल्नेमा म पनि पर्छु (यद्यपि चुनावको एक साता पहिलेबाट अब उनले जित्नेछन् भन्ने निष्कर्षमा पुगेको थिएँ)। त्यसपछि उनले के गरे र उनका विरुद्ध के के गरियो भन्ने कुरा सबैलाई थाहा नै छ।



रविको राजनीतिमा प्रवेशको आधार बनाइदिने जस शायद बालेनलाई जान्छ। स्थानीय निर्वाचन सकिएको एक महिनापछि नै रविले पत्रकारिता छाडेर राजनीतितिर हाम फाले। विवादास्पद भए पनि उनको सार्वजनिक छवि थियो। देशभरका साधारण मानिसहरूसँग उनले टिभी प्रस्तोताका रूपमा आम चासोका मुद्दा उठाएका कारण परिचय थियो।

धेरै हदसम्म मध्यम तथा निम्न मध्यमवर्गका युवायुवती र खासगरी वैदेशिक रोजगारीमा रहेकाहरू रविलाई आफ्नो प्रतिनिधिका रूपमा हेर्न थालेका थिए। पार्टी स्थापना गरेको तीन महिनामा भएको निर्वाचनमा नै यिनले पनि अरू दलहरूलाई छक्कै पार्ने गरी प्रतिनिधिसभामा चौथो हैसियतको दल बनाए।

लगत्तै गृहमन्त्री (एमाले-माओवादी सरकारमा) र उपप्रधानमन्त्री बने। विवादले यिनलाई त्यसपछि पनि छाडेन। फेरि उपचुनाव लड्न गए। झन् धेरै मत ल्याए। यसपटक कांग्रेसका युवा नेता स्वर्णिम वाग्ले रास्वपा प्रवेश गरे र उनीसँगै तनहुँमा चुनाव लड्न गए। यसले जुन सिनर्जी ल्यायो, त्यो बलशाली थियो। त्यसपछि त रविको यात्रा विवादहरूको चक्रव्यूहतिर प्रवेश गरेको थियो जसका लागि अरूभन्दा बढी उनी आफैं कारण रहेका थिए। उनको गल्ती पनि देखिन्थ्यो र राज्यको उनीप्रतिको पूर्वाग्रहपूर्ण व्यवहार पनि।

जे भए पनि नेपालको आधुनिक राजनीतिका मुख्य चालक शक्तिका रूपमा रहेका परम्परागत राजनीतिक दलहरू- जोसँग विचारधारा थियो, इतिहास थियो र संगठन थियो, जसको शासकीय शैली र डेलिभरी विनाको चर्का कुराबाट जनता वाक्कदिक्क भएका थिए- रवि नेतृत्वको रास्वपाले हाकाहाकी चुनौती दियो। रास्वपालाई आफूसँग एसिमिलेट गर्ने या उसलाई किनारामा धकेल्ने दुई वटै विकल्पमा पुराना दलले काम गरे।

यसो गर्दा आरम्भमा केही सफलता हासिल गरेको पछिल्लो गठबन्धन सरकारले जब रविलाई जेल पठायो तब उसको प्रयासका उल्टा परिणामहरू देखिन थाले।

भदौ २३ र २४ का घटनाहरूमा रास्वपा र बालेन दुवैको प्रत्यक्ष परोक्ष सहभागिता थियो। अन्तरिम सरकारमा बालेनले चाहेको भए उनी नै प्रधानमन्त्री बन्ने स्पष्ट संकेतहरू थिए। उनले त्यो सम्हाल्न चाहेनन्। नख्खुबाट बाहिर निस्कनु रविका लागि त्यति फलदायी भएन। तर बालेन र रवि दुवैको निर्णयले भदौका घटनामा युवाहरूको बलिदानको स्वामित्व कसले लिइदिन्छ भन्ने प्रश्नको उत्तर दिनसकेको थिएन।

सबैलाई थाहा थियो ती घटनाहरूका पछि (सडकहरूमा जे भयो) अनेक पक्षहरू थिए तर त्यसको राजनीतिक परिचालनमा यी दुई पक्ष अग्रभागमा थिए।

उनीहरू अलगअलग हुँदा र प्रत्यक्ष दाबी नगर्दा जेनजी विद्रोह आफैं पासपोर्ट बोकेर भिसा लगाउन जाला जस्तो भइसकेको थियो।

यो पृष्ठभूमिमा बालेनले रास्वपा मार्फत राजनीति अघि बढाउने, रवि नै रास्वपाको सभापति रहने, चुनाव चिह्न उही रहने गरी भएको निर्णयले तीन वर्ष पहिले स्थापित रास्वपाको राजनीतिक वैधानिकतालाई ह्वात्तै बढाइदिएको छ। जेहोस्, जेनजी आन्दोलनले राजनीतिक प्रतिनिधि पाएको छ।छन त सबै पार्टीमा जेनजी छन्। कांग्रेस, एमाले र माओवादी लगायत सबै दलका जेनजी पुस्ताले कतै न कतै आन्दोलनमा सहभागिता जनाएकै थियो। राप्रपा र माओवादीहरू पनि आन्दोलनमा सामेल थिए। तर यसको राजनीतिक लाभ र स्वामित्वमाथिको दाबी बालेन सहितको रास्वपाले पाउनेछ।

जेनजीहरूका अनेक समूह र विचार पक्षहरू होलान् तर इतिहासमा जेनजी आन्दोलनको वैधता बालेन-रवि एकताबाट बनेको राजनीतिक समूहले प्राप्त गर्नेछ। जसरी माओवादी युद्धको स्वामित्व प्रचण्डसँग छ, झापा आन्दोलन र मालेको लिगेसी केपी ओलीसँग छ। त्यसरी नै जेनजी आन्दोलनको लिगेसी यो समूहले सम्हाल्नेछ (यसबारे उठेका र उठ्ने प्रश्नको जवाफ दिने जिम्मेवारी पनि यसैको हुनेछ)।

यो सहमतिको सबैभन्दा महत्वपूर्ण कुरा चैं बालेनलाई रास्वपाले प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेर चुनावमा जाने घोषणा गर्नु हो। यो सम्भवतः नेपालको संसदीय राजनीतिको इतिहासका लागि नयाँ विषय हो। हुनत यस अगाडि पनि यस्ता अभ्यास भएका थिए, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराई र प्रचण्डका समयमा। तर बालेनको उम्मेदवारी ती सबैभन्दा भिन्न किन हो भने यो समूहको निर्वाचनको आधार संगठित शक्ति र इतिहास होइन लोकप्रिय मतमा आधारित हुनेछ।

यस्तो लोकप्रियता बालेन र रवि दुवैसँग छ। रविसँग केही विवाद र मुद्दाहरू सँगसँगै हिंड्छन् र बालेन त्यस्तो झन्झटबाट मुक्त छन्।

अब यो समूह नेपाली राजनीतिको निर्णायक विकल्पका रूपमा अघि बढेको छ। यसले आम मतदाता, जो एमाले, कांग्रेस र माओवादी (खासमा देउवा, ओली र प्रचण्ड) को विकल्प खोजिरहेका थिए, तिनले आफ्नो मत दिने ठाउँ भेटाएका छन्। भलै यो एउटा अस्थायी चौतारी मात्रै किन नहोस्। स्वाभाविक छ आउने निर्वाचन रास्वपा र अरूका बीच हुनेछ।

केही दिनदेखि शहरमा देउवा र ओली आपसमा आउने निर्वाचन मिलेर लड्न सहमत भएका छन् भन्ने चर्चाले व्यापकता पाएको छ। यस्तो हुनु भनेको इतिहासले वर्तमानसँग गर्न खोजेको अन्तिम संघर्ष जस्तो हुनेछ। र यसले रास्वपालाई थप बलियो बनाउने छ।

**खैलाबैला र आक्रमण**

यो समाचार सुनेपछि मैले केही मित्र र परिवारका सदस्यहरू बीच चर्चा गरेको थिएँ। दुई जना राजनीतिक कार्यकर्तासँग उनीहरूले फेसबुकमा कस्तो प्रतिक्रिया देखेका छन् भनेर सोधेको थिएँ। यसमा स्पष्टसँग आएको एउटै कुरा हो कि यो एकतापछि आम वृत्त उत्साहित भएको छ। परम्परागत दलहरू हतोत्साही भएका छन्।

मैले गरेका संवादबाट अनुमान लगाउन सकिने कुरा के हो भने आउने निर्वाचन रास्वपा एकातिर (सम्भवतः अन्त्यमा कुलमानको उज्यालो नेपालले पनि प्रत्यक्षतर्फ रास्वपासँग मिलेर चुनाव लड्न सक्छ, कुलमानले छिटै थाहा पाउने छन् उनको मात्र लोकप्रियता चुनाव जित्न पर्याप्त हुनेछैन) र अरू सबै अर्कोतिर भएर लड्नेछन्।

ठूला दलहरू मिलेर चुनाव लड्नु भनेको पहिले नै आफ्ना विचार र आदर्शहरूले अर्थ गुमाएको स्वीकार गर्नु हो। विश्वको कुनै पनि देशको राजनीतिलाई विचारधाराविहीन ढंगले लामो समय चलाउन सकिने छैन।

कांग्रेससँग उदारवादी लोकतन्त्रको मसिहा भएको टालो छ, एमाले र माओवादीसँग समाजवादका उद्देश्यका लागि हिंडेको बर्को छ। यस्ता टाला र बर्का नै हुन् तिनलाई इतिहासमा जोगाइराख्ने। चुनावहरू आउँछन्, जान्छन्। जित हुन्छन् र हार पनि। तर आदर्श र विचारहरू त्यागिसकेपछि हार मात्र हुन्छ, जितले अर्को आश्रय खोज्छ।

अर्को कुरा पनि छ, कतिपयले रवि-बालेनको एकतालाई दुत्कारेका छन्। हर्क साम्पाङले हल्ला बोल्नु एउटा कुरा हो तर अरू जिम्मेवार दलका नामी नेताले पनि यो एकतालाई विदेशी चलखेल भन्दै खारेज गर्नु अराजनीतिक हतासाको प्रतिबिम्ब मात्रै हो। के रवि र बालेन मिल्दा राष्ट्रियता जोखिममा पर्छ? पर्छ भने त्यसका ठोस कारण र सूचनाहरू के हुन्? राजनीतिक मोर्चाका विरुद्ध लड्दा राजनीतिक हतियार नै चलाएको राम्रो।

एकथरी मान्छे अझै पनि छन् माओवादी सशस्त्र विद्रोहलाई भारतले सञ्चालन गरेको भन्ने जस्तो काँचो कुरा गरेर झुसिलो डकार फालिरहन्छन्। हामी हुर्कंदा पञ्चहरू भन्थे कांग्रेस, कम्युनिष्ट अराष्ट्रिय तत्व हुन्। हामीले राजनीति गर्दा कांग्रेसलाई भारतीय दलाल भनेर नै प्रचार गरेको हो। महाकाली सन्धि पछि केपी ओली समेतलाई भारतीय दलाल भन्ने गरेको सुनिएको हो। कुनै बेला प्रचण्ड र जनार्दन शर्मा सहितका माओवादीहरू बाबुराम भट्टराईलाई नै भारतीय दलाल भन्ने गर्थे।

राजनीतिमा यस्ता हल्काफुल्का कुरा गरिरहनु र खारेजीको संस्कृति अँगाल्नुभन्दा आफूलाई बलियो बनाउनु जरूरी हुन्छ। आज कांग्रेस र एमाले कमजोर छन् भने तिनीहरू आफ्नै कर्मको फलले भएका हुन्। पार्टीभित्र एकता कायम गर्न नसक्ने, पार्टी सरकारमा हुँदा जनतालाई विश्वासमा लिएर काम गर्न नसक्ने, आम जनपरिचालन गरेर देशको विकास, समृद्धि र एकताको माहोल सिर्जना गर्न नसक्ने तर कोही विकल्पमा आउने वित्तिकै उसलाई विदेशी गोटी भनेर दुत्कार्नेहरूले आफूलाई सच्याउने अवसर गुमाउँछन्।

कांग्रेस, एमाले र नेकपाका नेताहरूलाई सुझाव छ कि उनीहरू एकपटक तटस्थ भएर आफ्नो विगतलाई फर्केर हेरुन्। जहाँबाट गल्ती शुरु भएको थियो त्यहाँबाट फेरि सच्चिने प्रयास गरुन्। एउटा निर्वाचन हार्दैमा जीवन सकिंदैन। विचार र आदर्शको पुनर्ताजगीकरण र समयानुकूल परिमार्जन गर्ने अवसर आउने पाँच वर्ष सरकार बाहिर बस्दा प्राप्त हुनेछ।

कमसेकम चुनाव एक्लै लड्नु र रास्वपाको वैचारिक प्रतिवाद गरुन्। संसद्मा पुगेपछि मिलेर सरकार बनाउन पाए नसुहाउँदो हुनेछैन।

**बालेन र रास्वपालाई शंकाको लाभ**

नेपाली जनमतको चरित्र हेर्दा यहाँ एउटै दलले लगातार दुई पटक संसद्मा बहुमत ल्याएको पाइँदैन। अर्थात् मतदाता चञ्चल छन्। चञ्चल हुनाका कारण छन्। आफ्नै तहबाट आफ्नै सहयोगमा उठेको नेता र जनताका बीच उत्पन्न हुने खाडल यसको एउटा कारण हो।छिटो-छिटो खोजिएको परिवर्तन र सरकारहरूले दिने डेलिभरीका बीच रहेको खाडल अर्को कारण हो। राजनीतिलाई केही शिखर नेताहरूको निजी लाभहानिका लागि गिजोलिरहने प्रवृत्ति, एउटै व्यक्तिले पार्टी र सरकारको नेतृत्वमा दाबी गरिरहने र त्यसका लागि आदर्श र विचारधाराको बलिदान दिने संस्कृति अर्को कारण हो। त्यसको एउटा स्याचुरेशन भयो।

अब राजनीति बदलिनुपर्छ, नेतृत्व बदलिनुपर्छ। जेनजीको पनि यही माग थियो। २०७९ का चुनावहरूको सन्देश पनि यही थियो। हामी गफाडीहरूले यो कुरा सयौं पटक दोहोऱ्याएकै छौं।

तर भदौ २४ का दुखान्तहरू पछि पनि नेतृत्वले त्यसलाई स्वीकार गर्न चाहेन। नेकपा, एमाले र कांग्रेसका पछिल्ला बैठक या महाधिवेशनका निष्कर्षले उनीहरू आफ्ना कमजोरी स्वीकार गर्न तयार छैनन् भन्ने प्रमाणित गरिसकेका छन्। यसमा त हामीले राम राम बाहेक (हाम्रा विजय सरले झैं माओ माओ भन्न मिलेन क्यारे) के भन्न सकिन्छ र?

यता बालेन र रविले नेपालको भविष्य कस्तो बनाउन चाहेका छन् भन्ने स्पष्ट छैन। हालै बालेनले संघीयता र संविधानका व्यवस्थाहरूको पक्षमा बोलेका समाचार आएका थिए जुन सकारात्मक छन्। प्रदेशका मामिलामा अझै पनि रविहरू स्पष्ट भएका छैनन्। यी प्रश्नहरू बाहेक उनीहरू उदारवादी अर्थतन्त्र र लोकतान्त्रिक अधिकारका खिलाफमा जाने संकेत देखिएको छैन। यसमा आम मानिसलाई उत्तेजित बनाउने, तथ्यले प्रमाणित नगर्ने आरोपहरू मार्फत विपक्षमाथि नकारात्मक भाष्य निर्माण गर्ने र कानूनी व्यवस्थाले स्वीकार गर्न नसक्ने धम्कीको भाषा बोल्ने भएकोले बालेन प्रधानमन्त्री हुँदा बदलाको भावले काम गर्ने सम्भावना नकार्न सकिन्न।

यसबाहेक यी रास्वपा र बालेन दुवैलाई शंकाको लाभ उपलब्ध छ। यस्तो लाभ कांग्रेस एमालेका शीर्ष नेता बाहेकले पनि पाउन सक्थे यदि पार्टीहरू पुनर्गठित भएर नेतृत्व परिवर्तन भएको भए। त्यो छिमल सकियो। अब अहिलेको निर्वाचनमा यो लाभ बालेनलाई एकलौटी हासिल हुनेवाला छ।

कांग्रेस एमालेबाट असन्तुष्टहरू, आफ्नो दैनिक जीवनमा कुनै परिवर्तन महसुस नगरेका शहरी गरिबहरू, गरिब पो भइहालिन्छ कि भनेर डराइरहनुपर्ने निम्न मध्यमवर्गका मानिसहरू, प्रवासका श्रमथलोहरूमा पसिना बगाउन बाध्यताले पुगेका र पुराना दलसँग नाता खुकुलो भएकाहरू, कमिसन एजेन्ट र क्रोनीहरूका कारण व्यावसायिक वातावरण नपाएका पूँजीपति वर्गको एउटा हिस्सा र संसदीय लोकतन्त्रबाट, संघीयताबाट असन्तुष्ट पुरातनपन्थीहरू बालेनका मताधारमा बदलिने छन्। यसमा युवा र किशोर पंक्तिको साथ हुनेछ।

यसैमा पर्नेछन् कांग्रेस एमालेभित्रै रहेर पनि असन्तुष्ट पक्षका केही अनि कांग्रेस, एमाले र नेकपालाई निषेध गर्न चाहने शक्तिकेन्द्रका प्रतिनिधिहरू पनि।

तपाई र मलाई मन परोस् नपरोस् यस पटकको चुनाव बालेन र रास्वपाको वर्चस्वमा बदलिनेछ। जमेको पोखरी हल्लेको जाती। तीन वर्ष पहिले नै दिएको चेतावनी ग्रहण नगरेका दल र नेताहरूलाई शायद आफूलाई सच्याउन थप पाँच वर्ष उपलब्ध हुनेछ।(अनलाइनखबर)

# बिपीको नीति झन् सान्दर्भिक : मेलमिलाप नै देश विकासको आधार



• कृष्ण हुमागाँई

आधुनिक नेपालका परिकल्पनाकार, महान समाजवादी नेता, प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले भौतिक रुपमा हामीलाई छोडेर जानु भएको ४३ बर्ष भएछ । तर उहाँले देशबासीलाई युगौं-युगसम्म मिलेर बस्न र एक आपसमा हातेमाले गर्दै देशको विकास गर्नका लागि अघि सार्नु भएको राष्ट्रिय मेलमिलापको नीति वर्तमानमा भन् सान्दर्भिक हुँदै गएको छ । हाम्रो देशमा वर्गका आधारमा, जातका आधारमा, उमेर समूहका आधारमा, रंगका आधारमा, भूगोलको आधारमा अनि लिङ्गका आधारमा बिभाजन, बेमेल र द्वन्द्व र भै-झगडाहरु बढाएर देशलाई अस्थिरता र अनिश्चयको अन्धकारमा धकेल्ने षडयन्त्रहरु भइरहेका छन् । ्। यी सबैलाई समाधान गर्न बिपीले अघि सार्नुभएको राष्ट्रिय मेलमिलापको नीतिलाई सबैले अनुशरण गर्ने हो भने देश, शान्त, समृद्ध र सुखी बाटोमा निश्चय नै अघि बढने थियो । देश र जनतालाई मेलमिलापको बाटोमा हिडाउने कार्यको अगुवाई गर्नुपर्ने नेपाली कांग्रेस यतिबेला आफैं महाधिवेशन दुई महिना अघि गर्ने कि दुई महिनापछि भन्ने झमेलामा फसेको छ । लोकतन्त्र र बिधिको शासनका लागि राणा, राजा र पञ्चायती निरंकुशताका बिरुद्ध कठोर संघर्ष गरेको कांग्रेसले आफ्नो नियमित रुपमा हुने बैधानिक कुरालाई निश्चय नै ब्यवस्थित त गर्नैपर्छ । तर यही बहानामा बिभाजन, बेमेल र फुटको षडयन्त्र कसैले पनि गर्नु हुँदैन । बिपी, गणेशमान, किसुनजीलगायत हजारौं-हजार प्रजातान्त्रिक योद्धा र बीर शहीदहरुलाई सम्झेर बीपीले देखाउनु भएको मेलमिलापको बाटोमा पहिला त कांग्रेस आफैं हिड्नपर्छ, अनि देशबासीलाई यही मेलमिलापको बाटोबाट मात्र शान्ति, स्थिरता, विकास र समृद्धिको यात्रा अघि बढाउन सकिन्छ भनेर अरुलाई एकाकार गर्न सकिन्छ । त्यसका लागि सर्वप्रथमतः कांग्रेसजनले बीपीको मेलमिलापको नीतिलाई हृदयदेखि नै अनुशरण र अनुकरण गर्नैपर्दछ ।

आजकै दिन ४९ बर्ष अघि (२०३३ पुष १६ गते) आठ बर्ष लामो भारत निर्वासनबाट मृत्युदण्ड समेतको पर्वाह नगरी आफ्ना सहकर्मीसहित राष्ट्रिय मेलमिलापको नीति लिएर बिपी कोइराला स्वदेश फर्किएको दिन । यस दिन (पुष १६) लाई नेपाली कांग्रेसले राष्ट्रिय मेलमिलाप दिवसका रुपमा देश बिदेशमा मनाउने गरेको छ । यही दिन बिपीलाई त्रिभुवन बिमानस्थलबाट पक्राउ गरी सिधै सुन्दरीजल जेल लगियो, जहाँ बिपीलाई १६ बर्षअघि थुनामा राखिएको थियो । २०१७ साल पुष १ गते तत्कालीन राजा महेन्द्रले दुइतिहाई बहुमतसहित प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको मन्त्रिपरिषद र संसद विघटन गरि शाही सेनाको बलमा प्रजातन्त्रको हत्या गर्ने काम भयो । महेन्द्रले बहुदलीय प्रजातान्त्रिक व्यवस्था विघटन गरी राजनीतिक दलमाथि प्रतिबन्धमात्र लगाएनन् बिपी, गणेशमानसिंह, कृष्णप्रसाद भट्टराईलगायतका नेताहरुमाथि देशद्रोहको मुद्दासमेत लगाएर जेल हाल्नुभयो । बिपीलाई जेल हालिएको आठ बर्षपछि २०२५ कात्तिक १४ गते वीपी कोइरालालगायतका नेताहरु जेलमुक्त हुनुभयो । त्यसपछि उनीहरु भारतमा निर्वासन जीवन बिताउन थाले । त्यसको ८ वर्षपछि अर्थात् २०३३ साल पुष १६ गते वीपी कोइराला, गणेशमान सिंह, शैलजा आचार्य, खुमबहादुर खड्कालगायतका नेताहरु आफूहरुमाथि लगाइएको मृत्युदण्डको मुद्दाको बेवास्ता गर्दै राष्ट्रियता जोगाउन राजसंस्था र सबै राजनीतिक दलहरु मिलेर अघि बढ्नुपर्ने नीति अँगाल्दै स्वदेश फर्किनुभयो ।

नेपाल तरुण दलको महाधिवेशन उद्घाटनमा सरिक भइरहेको अवस्थामा २०१७ साल पुष १ गते नेपाली कांग्रेसका सभापतिसमेत रहनु भएका बिपीलाई पक्राउ गरि सुन्दरीजल जेल लगियो र प्रजातन्त्रलाई कू गरियो । भागेर, देश छोडेर हिडेका राजाहरुलाई स्वदेश फर्काएर राजगद्दीमा राख्ने कांग्रेस र नेपाली जनताको अधिकारकाप्रति राजाहरुको बारम्बारको आक्रमणकै कारण ज्ञानेन्द्र शाहको पालामा आइपुग्दा नेपालबाट २४० बर्षे इतिहासको बिरासत खण्डित गर्दै राजतन्त्र/राजसंस्था समाप्त भयो । विश्वको राजनैतिक इतिहासमा अत्याचार गर्नेहरुको अन्त्य यसरी नै हुँदै आएको छ, हुन्छ ! र गणतन्त्रको बीउ त राजा महेन्द्रले २०१७ सालमा प्रजातन्त्र खोसेर कांग्रेसलाई दमन गर्दै कांग्रसको काउण्टरमा दरबारिया दानापानीमा रोयल कम्युनिष्ट उत्पादन गरेर रोपेका थिए । यस्तो दरबारिया षडयन्त्रको चक्रब्यूहमा परेको नेपाली कांग्रेसले त्यही राजतन्त्रसँग देश बचाउन मेलमिलापको हात अघि बढायो ।

## कांग्रेस इतिहासदेखि नै मेलमिलापको पक्षमा

नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि नै क्रान्ति र शान्तिको मार्ग पहिल्याएको पाइन्छ । मध्ययुगीन दासतापूर्ण जहानीयाँ राणा शासनकालको अन्धकार युगमा जनतामा चेतना भर्ने र समानताका लागि संघर्ष गर्ने कांग्रेसीहरुको त्यो परिवेशको राजनैतिक चेतलाई क्रान्तिकारीहरुको उत्साहपूर्ण बलिदानको रुपमा लिइन्छ । नेपालीलाई रैतीबाट नागरिक बनाउन हतियारबन्द क्रान्ति गरेको नेपाली कांग्रेसले भागेर नेपालस्थित भारतीय दूतावासको शरण हुँदै दिल्ली पुगेका राजा त्रिभुवनको राजगद्दी पुनर्स्थापना र राणाहरुलाई पनि देश छोड्न नपर्ने बहुदलीय प्रजातन्त्रलाई स्वीकार गरे स्वदेशमै बस्न दिने नीति अंगिकार गऱ्यो । यही नीतिका कारण भारतको दिल्लीमा नेपाली कांग्रेस, तत्कालीन राजा श्री ५ त्रिभुवन र राणाहरुका बीचमा त्रिपक्षीय सम्झौता भएपछि नेपालमा २००७ साल फागुन ७ गते प्रजातन्त्रको घोषणा गरियो । नेपालमा प्रजातन्त्र आएपछि राजाको समेत प्रतिनिधि रहने गरी तत्कालीन श्री ३ महाराज मोहन शम्सेरको नेतृत्वमा बिपी कोइराला गृहमन्त्री रहेको मन्त्रिमण्डल पनि गठन भयो । राणाहरुको श्री ३ पद्वी खोसियो, राजाले मात्र श्री ५ लेख्न पाउने अधिकार रह्यो । यो घटना पनि क्रान्तिका बीचमै पनि शान्ति र बढी रक्तपात नहोस् भन्नका खातिर एउटा मेलमिलापको नीति थियो । प्रजातन्त्रमा कसैको हार हुँदैन भन्ने एउटा बलियो उदाहरण हो, २००७ सालको त्रिपक्षीय सम्झौता पनि ।

बिसं २०३१ साल बैशाख १३ (सन् १९७५ अप्रिल २६) मा भारतले सिक्किमलाई आफ्नो मुलुकमा बिलय गराएपछि बिपी कोइरालालाई नेपालको अस्तित्व पनि संकटमा पर्न लागेको आशंका भयो । जसरी सिक्किममा त्यहाँका राजा र जनताका बीचमा फाटो पैदा गराएर भारतमा बिलय गराइयो , नेपाललाई पनि राजा र आफ्ना बीचमा फाटो गराएर नेपालको राष्ट्रिय अस्मितालाई धरापमा पर्ने षडयन्त्र भइरहेको बीपीले पूर्वानुमान लगाउनु भयो । यही परिवेशमा अनेक अप्ठ्यारोका बीचपनि मातृभूमि र नेपाली जनताको मायाले गर्दा आफ्नो ज्यानको बाजी लगाएर बिपी नेपाल फर्किनु भएको थियो । मुलुक नै नरहे केका लागि र कसका लागि राजनीति गर्नु ? पहिला मुलुक बचाउँ, अनि राजासँग, पञ्चसँग जो, जोसँग लड्नु परेपनि लडौंला भनेर स्वदेश फर्किनु भएका बिपीले देश बचाउन राष्ट्रियताका सवालमा राजाको घाँटीभन्दा पहिला मेरो घाँटी छ,



मलाई नछिनाई राजालाई सक्दैनौं । अर्थात देश बचाउन राजा र म सँगै छौं । देश जोगाएपछि राजा र पञ्चसँग प्रजातन्त्रका लागि लड्ने लडाइँ त फेरि पनि छँदैछ भनेर मुलुकको सार्वभौमसत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ बिपीहरु भारतको निर्वासित जीवन त्यागेर स्वदेश फर्किनु भएको थियो । दक्षिण एशियामा देखिएको तत्कालीन राजनीतिक संक्रमणबाट नेपाललाई बचाउन आफूमाथिको मृत्युदण्डको मुद्दालाई समेत बेवास्ता गर्दै त्यसबेला स्वदेश फर्किनु भएका महामानव बिपीले पत्रकारहरुले राखेको जिज्ञासामा मुलुकको सार्वभौमसत्ता रक्षाका लागि जनशक्ति (राजनीतिक दल) र राजशक्ति (राजा) मिल्नुपर्ने धारणा राख्नु भएको थियो । निरंकुश राजतन्त्रलाई बिपीले कहिल्यै स्वीकार गर्नुभएन । तर बिपीले राजासँग मिल्नुपर्छ भन्नु भएको थियो, कांग्रेसले कम्युनिष्टसँग मिलेर राजा फाल्यो भनेर गलत भाष्य निर्माण गर्न खोजिदैछ । बिपीले राजासँग मिल्ने कुरा कुन सन्दर्भ र प्रसंगमा गर्नुभएको थियो भनेर बिश्लेषण नगरी एकोहोरो राजाको कुरामात्र गर्दा मेलमिलाप नीतिको उद्देश्य, औचित्य र सान्दर्भिकतामाथि अन्याय हुन जान्छ ।

आजभन्दा ५० बर्ष अघि सिक्किममा सिक्किम नेशनल कांग्रेस र सिक्किम जनता कांग्रेससँग राजा छोग्यालको द्वन्द्व बढेर जाँदा राजतन्त्र मात्र समाप्त भएन, देशको स्वतन्त्र अस्तित्व नै सकियो, विश्व मानचित्रबाट सिक्किम हरायो, बिलय भयो । भारतीय गुप्तचर संस्था रअ र प्रधानमन्त्री इन्दिरा गान्धीको गुप्त योजना अनुसार नै सिक्किमलाई भारतले निलेपछि बीपीले देश जोगाउन राष्ट्रिय मेलमिलापको नीति लिनुभयो । यही नीतिपछि सशस्त्र बिद्रोहको तयारी गर्दै गरेको कांग्रेसले हतियारको राजनीति छोड्दै शान्तिपूर्ण राजनीतिमा आउने सोचाइ बनाएको पाइन्छ । बिपीको स्वदेश आगमन र त्यसको प्रभावले देशमा प्रजातान्त्रिक आन्दोलनका पक्षमा राजनीतिक तरंग सिर्जना गऱ्यो, सर्वसाधारण जनतासमेतलाई प्रभावित गऱ्यो। त्यसैको परिणाम २०३५ को विद्यार्थी आन्दोलन, २०३६ को जनमत संग्रह हुँदै राजनीति केही खुकुलो भयो । त्यही मेलमिलापको नीतिमा टेकेर कांग्रेसले राणा, राजा र कम्युनिष्टहरुलाई प्रजातन्त्र र जनतामा निहित सार्वभौम सत्ता (अर्थात जनताको सर्वोच्चता)लाई स्वीकार गराउन नेपाली कांग्रेसले समय-समयमा कठोर संघर्ष गर्नु परेको इतिहास साक्षी छ । कांग्रेसले २०४२ सालमा सत्याग्रह आन्दोलन गर्यो । त्यसले पार्टीलाई थप संगठित गर्न मद्दत पुग्यो र कांग्रेस पार्टीकै नेतृत्वमा २०४६ सालको राष्ट्रिय जनआन्दोलन सम्पन्न भई प्रजातन्त्र पुनःस्थापना भएको थियो ।

राष्ट्रिय एकता तथा मेलमिलाप नीतिको प्रतिपादन र पछि यसको व्याख्या गर्दा राष्ट्रियताको विषयमा बिपीले भन्नु भएको थियो - राजामा जुन राष्ट्रियताको तत्व छ, त्यस कारणले राजाले प्रजातन्त्रलाई पनि स्वीकार गर्छन् भने राजा पनि चाहिन्छ । यसो भन्दा निरंकुश राजा चाहिन्छ भनेको होइन । बीपीले कम्युनिष्ट पार्टीहरूसँग कहिले पनि सहकार्य गर्नु भएन र गर्ने पक्षमा पनि हुनुहुन्थ्यो । किनकि कम्युनिष्टहरु सर्वहारा वर्गको एकदलीय अधिनायकवादी शासनको वकालत गर्दथे । उनीहरु प्रजातन्त्रलाई मान्दैनथे, अधिकार सार्वभौम जनतामा होइन, कम्युनिष्ट पार्टीको पोलिटब्यूरोमा हुनुपर्छ भन्ने कम्युनिष्टहरुको नीतिको बिपी खरो बिरोधी हुनुहुन्थ्यो । कम्युनिष्टले बहुदलीय ब्यवस्था, मानव अधिकार, प्रेस स्वतन्त्रता र जनताको सर्वोच्चतालाई स्वीकार गरेको भए २०३६ सालको जनमत संग्रहमा बहुदलको निलो रंगको मतपत्रमा छाप लगाउँथे र त्यसैबेला निरंकुश पञ्चायत ब्यवस्था समाप्त हुन्थ्यो । जनमत संग्रहमा केही कम्युनिष्टले पञ्चको पहेंलो रंगमा भोट हाले भने केहीले यो बहुदल भनेको कांग्रेसले ल्याउन चाहेको ब्यवस्था हो, हाम्रो होइन भनेर जनमत संग्रहमा तटस्थ बसे । मनमोहन अधिकारीको मार्क्सवादी समूहले पञ्चायतभन्दा कांग्रेसले चाहेको बहुदल उचित छ भनेर बहुदलको पक्षमा भोट हालेका थिए । यिनै कारणहरुले बिपीले नेपालका कम्युनिष्टहरुकाप्रति बिश्वास र भरोसा गर्न सक्नुभएन । तर जब कम्युनिष्टहरुले पूर्वी युरोपमा कम्युनिष्ट सत्ताको पतनको श्रृंखला देखे, तब उनीहरुमा प्रजातन्त्रलाई स्वीकार गरेर अघि नबढेमा नेपालबाट पनि आफ्नो अस्तित्व समाप्त हुने कुरा बुझे । त्यसपछि उनीहरुले प्रतिष्पर्धात्मक बहुदलीय ब्यवस्था र जनताबाट निर्वाचित प्रतिनिधिले बनाएको संविधान र कानून अनुसार शासनसत्ता संचालन हुने कुरालाई स्वीकार गरे । तब सर्वोच्च नेता गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्राद कोइरालाले २०४६ सालको संयुक्त जनआन्दोलनमा बाममोर्चाको रुपमा सँगै प्रजातन्त्र प्राप्तिको आन्दोलनमा कम्युनिष्टहरुलाई सहभागी बनाउनु भएको थियो ।

कतिपय मानिसहरुले बिपीको जीवनपछि बिपीले प्रतिपादन गर्नु भएको मेलमिलापको नीति कांग्रेसले परित्याग गऱ्यो भनेर त्यसको अपव्याख्या पनि गर्दै आएका छन् । मुलतः प्रजातन्त्र र जनतामा निहित सार्वभौमसत्ता नस्वीकार्नेसँग सहकार्य नगर्ने बिपीको नीति थियो । जब कम्युनिष्टहरु जनताको सर्वोच्चतालाई स्वीकार गर्ने र बहुदलीय प्रजातन्त्रलाई मान्ने सवालमा सँगै आन्दोलन र सहकार्य गर्न राजी भए, तब मात्र नेपाली कांग्रेसले नेपालका कम्युनिष्ट घटकहरुसँग सहकार्य र मेलमिलापको नीति अंगिकार गरेको पाइन्छ । हाम्रा नेताहरूले २०४६ सालमा वाममोर्चालाई साथ लिएर गरेको जनआन्दोलन, कांग्रेसको नेतृत्वमा तत्कालीन ७ दलले माओवादीसँग गरेको १२ बुँदे समझदारी र त्यसमा टेकेर गरिएको ०६२/०६३ को जनआन्दोलन, बिस्तृत शान्ति सम्झौता र २०७२ मा संविधान निर्माण पनि निश्चय नै मेलमिलापको नीतिमा आधारित नै थियो भन्न सकिन्छ । किनकि कुनै पनि अधिनायकवादी शासक चाहे राजा, महाराजा होस् वा कम्युनिष्ट वा सैनिक तानाशाह उसले प्रजातन्त्र र जनताको सर्वोच्चतालाई स्वीकार गऱ्यो र राष्ट्रियता, लोकतन्त्र र समाजवादको पक्षमा आफूलाई उभ्याउने प्रयास गऱ्यो भने नेपाली कांग्रेसले उसँग मेलमिलाप गरेर देश विकासको महायात्रामा सहभागी गराउनुको सट्टा अनावश्यक द्वन्द्व सिर्जना गरेर मुलुकमा झमेला बढाउनु बिपीको नीतिभित्र पर्दैन । राजा त्रिभुवनले प्रजातन्त्रको पक्षमा भित्रीरुपमा सहयोग गर्ने प्रतिवद्धता जनाउँदा भागेर दिल्ली गएपनि कांग्रेसले नै स्वदेश फिर्ता गराएर राजगद्दीमा राखेकै हो । राजा महेन्द्रले प्रजातन्त्र खोस्दा महेन्द्र चढेको जीपमा जनकपुरमा कांग्रेसका दुर्गानन्द झाहरुले बम हानेकै हुन् र बाबुकै पथमा लागेर प्रजातन्त्र मास्ने निरंकुश राजा ज्ञानेन्द्रलाई राजगद्दीबाट कांग्रेसकै अगुवाइमा हटाइएकै हो । त्यसैले जब नेपालका कम्युनिष्टहरुले प्रजातन्त्र र जनताको अधिकारलाई स्वीकार गरे, तब कांग्रेसले उनीहरुलाई राष्ट्रिय राजनीतिको मुल प्रवाहमा सँगै साथ लिएर द्वन्द्व मेटाएको पाइन्छ ।

## कांग्रेस बिना इतिहास अपुरो

इतिहासमा नेपाली कांग्रेस र नेपाली जनताको बिरुद्ध जो जो उभिए, ती समाप्त भएर गएका छन् । यसका प्रशस्त उदाहरणहरु छन् । १०४ बर्षे जहानीयाँ राणा शासन, ३० बर्षे पञ्चायती शासन, २४० बर्षे शाही शासन सबै नेपाली कांग्रेस र नेपाली जनतासँग निहुँ खोज्दा, दमन गर्न खोज्दा समाप्त भएका हुन् । यो सब देखेका नेपालका कम्युनिष्टहरुले कांग्रेसलाई बुर्जुवा आदि इत्यादि भनेपनि नेपाली कांग्रेससँगको सहकार्य र सहयात्रा बिना आफ्नो अस्तित्व जोगिन नसक्ने ठानेर नै मेलमिलापको नीतिमा उनीहरु पनि आएकै हुन् र सहकार्य गरेका हुन् ।

राष्ट्रियताका सन्दर्भमा बीपीले राजसंस्था वा राजासँग गर्नुभएको मेलमिलापको प्रस्तावलाई राजा बिरेन्द्रद्वारा स्वीकार गरिएन, तर तर जनमत संग्रहमार्फत केही सुधारका प्रयास भने भए ्। बिपीको मेलमिलापको त्या नीति स्वीकार नगर्नाको परिणाम हो अन्ततः देशबाट राजसंस्था नै पतन भयो । २०६२।०६३ को परिवर्तनपछि नेपाली कांग्रेस स्वयंको नेतृत्वमा देशमा गणतन्त्र स्थापना भयो । बीपीले मेलमिलाप नीति प्रतिपादन गर्दाको विश्व राजनीतिक परिवेश र घरेलु परिस्थितिमा अहिले परिवर्तन आएको छ । तर हाम्रो राष्ट्रियता र प्रजातन्त्रमाथि देखिएको चुनौती र खतरा भने अझै टरेको छैन । अहिले हाम्रा छिमेकी एवं मित्र राष्ट्रहरू र विभिन्न अन्तर्राष्ट्रिय एजेन्सीको नेपालप्रतिको चासो झन् बढेको छ । त्यो चासो कतिपय अवस्थामा दबाब र हस्तक्षेपकै तहमा देखिने गरेको छ । यस अवस्थामा राष्ट्रियतामाथिको चुनौती विगतमा भन्दा अझ बढ्दो छ ।

अब राष्ट्रियताको जगेर्ना गर्न र जनताको स्वाभिमानलाई अझ उच्च बनाउन बीपीको नीति, विचार सिद्धान्तलाई शब्दमा भन्दा ब्यवहारमा अवलम्वन गरिनुपर्छ । यसलाई वर्तमान राजनीतिक परिवेशमा थप परिभाषित एवम समृद्ध बनाउँदै राष्ट्रवादी एवम प्रजातन्त्रवादी शक्तिबीच व्यापक एकता र मेलमिलाप स्थापित गर्न जरूरी छ । अझ जनतामा भ्रष्टाचार र बेथितिले गर्दा चरम निरासा बढेर गएको छ । यो लोकतन्त्र र राष्ट्रियताका लागि भन् खतरा हो । अरु सबैसँग मेलमिलाप गरेपनि नेपाली कांग्रेसले भ्रष्टाचारी, दलाल, कमिशनखोरहरुका बिरुद्ध कठोर संघर्ष गरेर बिपीले प्रतिपादन गर्नुभएको प्रजातान्त्रिक समाजवादी यात्रालाई द्रुत गतिमा अघि बढाउन ढिला गर्नु हुँदैन । गरिबी, पछौटेपन, रोग, भोक, शोक, अभाव र अनावश्यक प्रभावले ग्रस्त भएर मुलुकले समाजवादी मार्ग पहिल्याउन सक्दैन । गरीबलाई धनी नबनाई देशले समृद्धिको यात्रा पनि तय गर्नै सक्दैन, गरीबलाई धनी बनाउने यही हो बिपीको समाजवादी नीति । त्यसैले अबको लडाइँ कांग्रेसले यसैतर्फ केन्द्रित गर्नुपर्दछ । यही नीतिले हामीलाई प्रजातान्त्रिक समाजवादको लक्ष्यमा पुऱ्याउँदछ । त्यही भएर बिपीले प्रतिपादन गर्नु भएको मेलमिलापको नीति वर्तमानमा भन् सान्दर्भिक भएर गएको छ । जय नेपाल ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अधि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ